# वैदेशिक रोजगार बोर्डको मिति २०८०/११/१५ गते बसेको ८२ औं बैठकका प्रस्ताव एवं निर्णयहरु

प्रस्तावहरु:

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा एवं नवनियुक्त बोर्ड सदस्यहरुको स्वागत तथा परिचय।

२. आगामी आ.व. २०८१/८२ को बजेट, नीति तथा कार्यक्रम तर्जुमाको प्रारम्भिक तयारी (नियमावलीको २९क, कार्यविधिको दफा ११ बमोजिम)

३. सचिवालयको कार्यसम्पादनमा अत्यावश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा।

४. युएईमा हुने जब फेयरमा बोर्डका पदाधिकारीको सहभागिता सम्बन्धमा।

५. कोषमा जम्मा हुने रकम Mobile App /Internet /SMS Banking/Electronic Wallet बाट जम्मा गर्न मिल्ने व्यवस्था सम्बन्धमा।

६. विविध विषयहरु।

निर्णयहरु:

१. क) वैदेशिक रोजगार बोर्डका यस अघिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको बारेमा छलफल भयो। कार्यान्वयन भइरहेका एवं कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशीघ्र सम्पन्न गर्न सचिवालयलाई निर्देशन दिने।

ख) वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८(१) (ठ), (ढ) र (ण) बमोजिम रिक्त वैदेशिक रोजगार बोर्ड सदस्यमा नेपाल सरकारको मिति २०८०/१०/२२ को निर्णयानुसार देहाय बमोजिमका व्यक्तिहरु मनोनित हुनुभएको हुँदा निजहरुलाई बोर्डको तर्फबाट स्वागत गरि परिचयात्मक कार्यक्रम गरियो।

श्री मञ्जु गुरुङ्ग, ऐनको दफा ३८(१) (ठ) बमोजिम
श्री राम सुधार महतो, ऐनको दफा ३८(१) (ठ) बमोजिम
श्री ललन तिवारी, ऐनको दफा ३८(१) (ढ) बमोजिम
श्री कल्पना पाण्डे न्यौपाने, ऐनको दफा ३८(१) (ढ) बमोजिम
डा. श्री मिनाक्षी ठाकुर, ऐनको दफा ३८(१) (ण) बमोजिम

ग) बोर्डको मिति २०८०/०७/२१ गते बसेको ८० औं बैठकको निर्णय नं. ९ मा "बैदेशिक रोजगारको सिलसिलामा मलेसिया लगायत अन्य गन्तव्य मुलुकमा जाने श्रमिकहरुको हितमा हुनेगरी सो देशका विभिन्न सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रहरुसँग द्विपक्षीय समझदारी/सम्झौता गर्न बोर्डका कार्यकारी निर्देशकलाई अख्तियारी दिने" निर्णय भएकोमा सो सम्बन्धमा मिति २०८०/१०/२३ गतेको ८१ औं बैठकको निर्णय नं. १ (ख) बाट उक्त सम्झौता कार्यान्वयन नगर्ने भन्ने निर्णय भएको। उक्त निर्णय सम्बन्धमा सरोकारवालाहरुसँग छलफल गरी प्रचलित कानून बमोजिम सम्बन्धित निकायहरुको समेत सहमति आवश्यक पर्ने देखिएकोले मिति २०८०/०७/२१ को उक्त निर्णय खारेज गरी कार्यकारी निर्देशकलाई दिईएको अख्तियारी फिर्ता गर्ने।

२. वैदेशिक रोजगार बोर्डको आगामी आर्थिक वर्ष २०८१/८२ को योजना, कार्यक्रम तथा बजेट तर्जुमाको लागि तयारी गरी निर्धारित अवधि (२०८० चैत्र मसान्त) भित्र बोर्ड समक्ष पेश गर्न वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २९क बमोजिमको समितिलाई एवं वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन निर्देशिका,२०६८ को दफा ११ बमोजिमको आय व्ययको अनुमान र कार्यक्रम २०८० चैत्र मसान्त सम्म पेश गर्न कार्यकारी निर्देशकलाई निर्देशन दिने।

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक

मा. शरत सिंह भण्डारी
मन्त्री

३. वैदेशिक रोजगार बोर्ड सचिवालयको संगठन संरचना अनुसार कर्मचारी संख्या न्यून भई कार्यसम्पादनमा कठिनाई भएको भनी सचिवालयको कार्यसम्पादनमा अत्यावश्यक जनशक्ति व्यवस्थापन सम्बन्धमा बोर्डमा प्रस्ताव पेश गरिएकोमा यस अघिको बैठकको निर्णयानुसार अत्यावश्यक जनशक्ति सेवा करारबाट व्यवस्थापन गर्न सचिवालयलाई निर्देशन दिने।

४. आगामी २०८० फाल्गुण १९ गते तदनुसार २ मार्च २०२४ मा युनाइटेड अरब इमिरेट्सको दुबई सहरमा हुने जब फेयरमा बोर्डको तर्फबाट व्ययभार हुनेगरि निम्नानुसारका पदाधिकारीहरुले सहभागिता जनाउने र बोर्डको कार्यसञ्चालन निर्देशिका, २०६८ को दफा २८(२) बमोजिम निजहरुको काज खटाउने निर्णयको लागि तत् तत् निकायमा सिफारिस गर्ने। अघिल्लो बैठकको निर्णयानुसार जब फेयरको लागि तोकिएको बजेट सीमाले नपुग हुने भएमा नियमानुसार लाग्ने दैनिक तथा भ्रमण खर्च एवं स्टल र हलभाडा समेत गरी लाग्ने थप रकम समेत गरि प्रचलित कानुन बमोजिम अधिकतम् ६० लाख रुपैयाँसम्म खर्च गर्ने।

क) श्री शरत सिंह भण्डारी - अध्यक्ष एवं मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
ख) श्री केवल प्रसाद भण्डारी – सदस्य एवं सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
ग) डा. द्वारिका उप्रेती – सदस्य सचिव एवं कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड
घ) डा. मिनाक्षी ठाकुर – सदस्य, वैदेशिक रोजगार बोर्ड
ङ) श्री दुर्गा प्रसाद खतिवडा – सदस्य, वैदेशिक रोजगार बोर्ड

५. वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगार नियमावली, २०६४ को परिच्छेद ७ बमोजिम कोषमा जम्मा गर्नुपर्ने रकम Mobile App /Internet /SMS Banking/Electronic Wallet बाट जम्मा गर्न मिल्ने गरी त्यस्तो सेवा प्रदायक कम्पनीहरुले निःशुल्क सेवा प्रदान गरिदिने वा व्यवसायको सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत बोर्डको कल्याणकारी सेवामा सहयोग गर्न समन्वय गरिदिने व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकमा लेखी पठाउने। नेपाल राष्ट्र बैंकबाट प्राप्त राय सुझाव अनुसार भुक्तानी सम्बन्धी एकीकृत निर्देशन,२०८० अनुकूल हुनेगरी सार्वजनिक रुपमा सूचना प्रकाशन गरी सेवा प्रदायक संस्था छनौट गर्ने।

६. विविध विषयः

क) वैदेशिक रोजगारीको माध्यमबाट प्राप्त विप्रेषणले नेपालको अर्थतन्त्रमा ठूलो भूमिका खेलिरहेको सन्दर्भमा वैदेशिक रोजगारीमा जाने कामदारहरुको हकहितमा नेपाल सरकारको तर्फबाट बजेट तथा कार्यक्रममा समावेश नभएको हुँदा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट, नीति तथा कार्यक्रममा वैदेशिक रोजगारमा जाने कामदारहरुको कल्याणकारी कोषमा जम्मा गर्ने रकममा, बीमा, तालिम, उद्दार तथा राहत आदि एवं राहत तथा उद्दारमा संलग्न विभिन्न नियोग तथा निकायहरुमा व्यवस्थापकीय कार्यमा समेत नेपाल सरकारको तर्फबाट बजेट व्यवस्था गरिदिन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने।

ख) नेपाली राजदूतावास, मस्कट ओमानबाट नेपाली श्रमिकको उद्दारको लागि प्रयोग हुँदै आएको सवारी साधन मर्मतको लागि परराष्ट्र मन्त्रालय मार्फत नेपाली रुपैयाँ ८,२५,०००।– माग भई आएकोमा प्रचलित कानुन बमोजिम खर्च गर्नेगरी उक्त रकम नेपाली राजदूतावास मस्कट ओमानलाई उपलब्ध गराउने।

डा. द्वारिका उप्रेती
कार्यका...

मा. शरत सिंह भण्डारी
मन्त्री